श्री ५ को सरकार

# कानून तथा न्याय मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ को दफा १० को उप-दफा (१) र विशेष अदालत ऐन, २०३१ को दफा ५ ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमको एक सदस्यीय वन संरक्षण विशेष अदालत गठन गरेको छ ।

१. अदालतको गठन विधिः खण्ड २६ मिति २०३३।७।९ संख्या २७ को नेपाल राजपत्र भाग ३ मा वन मन्त्रालयबाट प्रकाशित सूचना बमोजिम गठित शिवपुरी जलाधार क्षेत्र विकास समितिको योजना प्रमुखको एक सदस्यीय वन संरक्षण विशेष अदालत गठन गरिएको छ ।

२. अदालतको अधिकार क्षेत्रः

(क) यो विशेष अदालतलाई खण्ड ३२ मिति २०३९।६।११ संख्या २४ को नेपाल राजपत्र भाग ४ मा वन तथा भू-संरक्षण मन्त्रालयबाट प्रकाशित सूचनाले कायम गरेको शिवपुरी जलाधार क्षेत्र विकास परियोजनाको चौहद्दीभित्र घटेको वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ अन्तर्गतको मुद्दाहरू कारवाई र किनारा गर्न तोकिएको छ ।

(ख) खण्ड २९ मिति २०३६।४।७ संख्या १५ को नेपाल राजपत्र भाग ३ मा यस मन्त्रालयबाट प्रकाशित सूचना बमोजिम गठित वन संरक्षण विशेष अदालतहरूमा दायर रहेका मुद्दाहरू मध्ये उक्त मिति २०३९।६।११ को सूचनाले कायम गरेको शिवपुरी जलाधार क्षेत्र विकास परियोजनाको चौहद्दीभित्र घटेका वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ अन्तर्गतका मुद्दाहरू उक्त अदालतहरूबाट झिकी कारवाई र किनारा गर्न यो विशेष अदालतलाई सुम्पेको छ ।

३. अदालतको मुकामः यो अदालतले आवश्यकता अनुसार आफ्नो मुकाम शिवपुरी जलाधार क्षेत्र विकास परियोजनाको चौहद्दीभित्र र काठमाडौं जिल्लाभर जहाँ-सुकै कायम गर्न सक्नेछ ।

आज्ञाले,

ध्रुववर सिंह थापा

श्री ५ को सरकारको सचिव

४८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।